नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

(........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकस: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८० / ०८१

चलनी नं.:- ६५८

मिति: २०८०/११/१८

विषय: विद्युत उत्पादनको अनुमतिपत्र बारे ।

श्री तामन खोला हाइड्रो प्रा.लि.,
टोखा-१४, काठमाडौं, नेपाल।
फोन नं. ९८५१०९०७४९, ९७५७००९१८१, ९८५१०५५६६०।

प्रस्तुत विषयमा तामन खोला जलविद्युत आयोजना (४.८५ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र संख्या (वि.वि.वि. ०७४/७५, वि.उ. २२७) तहांको नाउँमा मिति २०७४/१२/२५ मा जारी भएको र विद्युत नियमावली, २०५० को नियम २१; विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका ,२०७५ (चौथो संसोधन) को दफा २९ (२) तथा यस विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७४/७५, वि.उ. २२७) को शर्त ७(ङ) बमोजिम विद्युत उत्पादनको अनुमतिपत्र जारी भएपश्चात हाल सम्म पनि निर्माण कार्यको प्रगति विवरण पेश नभएको, प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण विभागमा बुझाएको नदेखिएको, दुई वर्ष भित्र वित्तीय व्यवस्थापन (Financial Closure) र विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न गरेको कागजात/विवरण पेश नभएको तथा सो को म्याद थपको लागि निवेदन दिएको नदेखिएकोले विद्युत नियमावली २०५० को नियम ८९ (२) एवं विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा २९(२) अनुसार अनुमतिपत्र रद्द भएको व्यहोरा यस विभागको मिति २०८०/११/११ को निर्णयानुसार जानकारी गराइन्छ।

............................
(सुजन निरौला)
इन्जिनियर

**बोधार्थः**

श्री ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार।

श्री विद्युत विकास विभाग

- आयोजना अध्ययन महाशाखा।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा।